जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक ५५ | २०७९ साल असोज ५ गते बुधबार (21 Sep 2022 Wednesday) | मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जलविद्युत् र पर्यटनमा लगानी. ३ पृष्ठमा : प्राधिकरणले चार महिनामा कमायो ... ३ पृष्ठमाचटयाङ लागेर एक्काइ जनाको...

# ‘छोरालाई कुटीकुटी मारिदिएको चार महिनाबढी भइसक्यो तर हत्यारा अझैं पक्राउ परेन’



**दैनिक समाचारदाता**
**राजविराज, ४ असोज ।**

सप्तरीको खडक नगरपालिका-४ पंसेराका ६७ वर्षीय रामअशिष पासवानले छोराको हत्यारालाई पक्राउ गर्न प्रहरीले चासो नदिएको गुनासो गरेका छन् ।

उनले मंगलबार पत्रकार सम्मेलन गर्दै छोरालाई कुटीकुटी मारिदिएको ४ महिनाबढी भइसकेको भन्दै यस्तो गुनासो गरेका हुन् । ‘प्रहरीले तदारुकता नदेखाउँदा घटनामा संलग्न ८ जनामध्ये अझैंसम्म १ जनालाई मात्र पक्राउ गरिएको छ’ उनले भने, ‘एकातर्फ पक्राउ परेको ती व्यक्तिलाई छोड्नसक्ने गाउँलेहरुले भनिरहेका छन् भने अर्कोतर्फ अन्य ७ जनालाई प्रहरीले अझैंसम्म पक्राउ गर्न सकेको छैन् ।’

उनले प्रहरीले तदारुकता नदेखाउँदा न्याय नपाउने आशंका बढ्दै गएको बताए । ‘गत वैशाख १२ गते राति छिमेकी रामचन्द्र पासवानकी छोरीको विहे थियो । जन्तीसँगै आएको डिजे बाजामा छिमेकी थारु (चौधरी) केटाहरु दारु खाएर नाचिरहेका थिए’ उनले भने, ‘ती केटाहरु आफ्नी नातिनीहरुलाई चिस्काउन थालेपछि मेरो छोरो सन्तलाल पासवानले त्यसो नगर्न आग्रह गरे, तत्काल उनीहरु पनि त्यहाँबाट गए । पछि केटाहरुको ग्याङ नै लिएर उनीहरु फर्किए र आफ्नै आँखा अगाडी छोरालाई अन्धाधुन्ध कुटपिट गर्न थाले ।’

२७ वर्षीय छोरा सन्तलाललाई बचाउने प्रयास गर्न लाग्दा आफुलाई हिर्काएर लडाइदिएको दुखेसो गरे । ‘पछि होस आउदा कुटपिटबाट छोरा गम्भिर घाइते भएपछि हस्पिटल लगेको रैंछ भनेर थाहा पाए र त्यसको भोली पल्ट (वैशाख १४ गते) उपचारकै क्रममा नोबेल अस्पताल विराटनगरमा छोराको मृत्यु भयो’ उनले भने, ‘न्यायको लागि पुलिस प्रशासनदेखि अदालतसम्म चौतर्फी गुहार गर्दै आइरहेका छौं तर अझैंसम्म न्याय भने पाएका छैनौं, न्याय नपाउदै मर्ने हो कि भन्ने चिन्ताले सताएको छ ।’

उनका अनुसार घटनामा दिलीप चौधरी, विवेक चौधरी,सुशान्त चौधरी, गोविन्द चौधरी, दिनेश चौधरी, नविन चौधरी, राजु चौधरी, धनश्याम चौधरी संलग्न छन् । उनले छोरा सन्तलालको मृत्यु भएकै दिन दिलिप चौधरीलाई पक्राउ गरिए पनि अन्यलाई प्रहरीले पक्राउ नगरेको गुनासो गरे । ‘अन्यलाई कहिले पक्राउ गर्ने? र आफुहरुले न्याय कहिले पाउने?’ उनले भने, ‘बुढेसकालमा छोरा गुमाउनुको पीडा कसैले बुझेकै छैन्, गर्भवति बुहारी र २ वर्षीया नातिनीलाई हेर्दा जहिले छोराकै सम्झना आइरहन्छ, रात-रातभरि निन्द्रा नै लाग्दैन् ।’

रामअशिषसँगै पत्रकार सम्मेलनमा आएकी उनी पत्नी ( मृतक सन्तलालकी आमा) ६० वर्षीया श्यामवति देवीले न्यायको लागि पहल गरिदिन सबैमा आग्रह गरेकी छन् ।

उता, जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले घटनामा संलग्न भनिएका अन्य व्यक्तिहरुको खोजी कार्य भइरहेको बताए ।

# हत्याका दोषीलाई कारवाहीको माग गर्दै ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, ४ असोज ।**

राष्ट्रिय दलित जागरण अभियान नेपालले त्रिभुवन राम हत्या घटनाका दोषीलाई कारवाही हुनुपर्ने माग गर्दै मंगलबार राजविराजमा प्रदर्शनसहित ज्ञापन पत्र बुझाइएको छ ।

अभियानका सदस्य जयप्रसाद रामको नेतृत्वमा स्थानीय शिव मन्दिर प्राङ्गणबाट निकालिएको विरोध र्‍यालीका सहभागीहरुले अदालत सडकमा प्रदर्शन गरेका हुन् ।

प्रदर्शनपछि २०७७ असार २९ गते ४५ वर्षीय त्रिभुवन रामलाई वेपत्ता पारि हत्या गरिएको घटनाका दोषीलाई कारवाही हुनुपर्ने मागसहित जिल्ला प्रशासन कार्यालय र सप्तरी जिल्ला अदालतमा ज्ञापन पत्र बुझाइएको छ ।

प्रमुख जिल्ला अधिकारी नूरहरि खतिवडाका लागि बुझाइएको ज्ञापन पत्र सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी गिरीलाई बुझाइएको छ भने अदालतका मुख्य न्यायाधिसका लागि पनि ज्ञापन पत्र बुझाइएको अभियानका सदस्य रामले बताए ।

जिल्लाको शम्भुनाथ नगरपालिका ३ कचनदाहाका त्रिभुवन हत्या घटनामा पक्राउ परेका सोही ठाउँका प्रभु साह, शम्भु चौधरी, पंकज चौधरी र सुरेन्द्र पाललाई पुर्पक्षका लागि कारागार छन् । मृतक त्रिभुवनकी पत्नी घुरनी देवी रामले यसअघि सोमवार मात्रै पत्रकार सम्मेलन गर्दै न्यायको गुहार गरेकी थिइन् ।

छोरीको सामुहिक बलात्कारपछि न्यायका लागि कानूनी बाटोमा लागेका पति त्रिभुवनको पनि हत्या भएको भन्दै दोषीहरु छुट्नसक्ने सुनेपछि न्याय गुहार्न बाध्य भएको घुरनी देवीको कथन छ ।

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

# चाड पर्व र मूल्य बृद्धि

चावपर्वको आगमनसँगै दैनिक उपभोग्य बस्तुहरुमा मुल्य बृद्धि भएको छ। दैनिक उपभोग्य बस्तुसँगै तरकारी समेतको मुल्य आकाशिएको छ। हिन्दुहरुको महान चाड वडा दशैंको मुखमै ती बस्तुहरुको मुल्यमा बृद्धि भएपनि सम्बन्धीत निकायको ध्यान आकृष्ट हुन सकेको छैन्। दैनिक उपभोग्य बस्तु चामल, दाल, खाने तेल लगायत अन्य बस्तुहरुमा मुल्य अत्याधिक बृद्धि भएको छ। केही दिनअगाडी सम्म सामान्य मुल्य बृद्धि भएपनि अहिले ह्वातै मुल्य बृद्धि भएपछि उपभोक्ताहरु मारमा परेका छन्।

यस्तै तरकारी लगायत हरियो सागसब्जीहरुमा मुल्य मुल्य बृद्धि भएको छ। आलु अहिले ४० पुगेको छ भने काउलीको मुल्य १ सय ५० पुगेको छ। यस्तै प्याज ५०/६० रुँपैया किलो पुगेको छ। यता हरियो तरकारीमा साग भने ३० देखी ३५ रुँपैया पाउकै भएको छ। यो मुल्य मध्यम वर्गका लागि पनि नौलो भएको छ। यसरी सबै थोकमा मुल्य बृद्धि भएपछि उपभोक्ताहरुको दैनिकी बजेटले भ्याउन सकिरहेको छैन्। एक त पहिलेदेखी निकै अर्थतन्त्रको अवस्था खस्किदो रहेको बेला मुल्य बृद्धिले झनै जनता मारमा परेका छन्। उपभोक्ता मारमा पर्दा समेत सम्बन्धीत निकाय मौन रहेको छ।

यस्ता मुल्य बृद्धि नियन्त्रणका लागि सम्बन्धीत निकायको ध्यान जान नसक्नु गम्भिर त्रुटी हो। कृतिम मुल्य बृद्धितर्फ सम्बन्धीत निकायको ध्यान आकृष्ट हुनु अति आवश्यक छ। दशैंको मुखमा यस्ता मुल्य बृद्धिले चाडपर्व नै खल्लो हुने संकेत देखिएको छ। तसर्थ यसप्रति गम्भिर हुनु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जलविद्युत् र पर्यटनमा लगानी भित्र्याउन प्रधानमन्त्रीको आग्रह

काठमाडौं, ४ असोज (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालको जलविद्युत, पर्यटन र अन्य सम्भावित क्षेत्रमा इन्डोनेशियाको लगानी भित्र्याउने काममा सहजीकरण गर्न नेपालका लागि इन्डोनेशियाका राजदूतलाई आग्रह गर्नुभएको छ।

मंगलबार प्रधानमन्त्री देउवासँग शिष्टाचार भेट गर्न प्रधानमन्त्री निवास बालुवाटार पुग्नुभएका नेपालका लागि इन्डोनेशियाका राजदूत हेरु हारतान्तो सुबोलोसँगको भेटमा प्रधानमन्त्री देउवाले सो आग्रह गर्नुभएको हो।

"प्रधानमन्त्रीज्यूले पर्यटन, जलविद्युत् तथा अन्य सम्भावित व्यवसायमा इन्डोनेशियाको लगानी भित्र्याउन र नेपालको हिमाली पर्यटनलाई इन्डोनेशियाका पर्यटकबीच प्रवर्द्धन गर्न आग्रह गर्नुभयो", प्रधानमन्त्रीलाई उद्धृत गर्दै सो भेटमा सहभागी नेपालका लागि इन्डोनेशियाका अवैतनिक वाणिज्यदूत एवं नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले बताउनुभयो।

सो अवसरमा प्रधानमन्त्री देउवाले नेपालमा गणतन्त्र इन्डोनेशियाको आवासीय दूतावास स्थापनाका लागि इन्डोनेशियाको सरकारलाई आग्रह पनि गर्नुभयो। प्रधानमन्त्री देउवाले शान्तिका अग्रदूत गौतम बुद्धको जन्मभूमि नेपाल भ्रमणका लागि राजदूत सुबोलोमार्फत इन्डोनेशियाली जनतालाई आग्रह गर्नुभएको ढकालले जानकारी दिनुभयो।

उक्त भेटमा नेपालका लागि गणतन्त्र इन्डोनेशियाका राजदूत सुबोलोले नेपालमा आवासीय दूतावास स्थापनाका लागि आफू सकारात्मक रहेको र प्रधानमन्त्रीको यो सन्देश इन्डोनेशियाली सरकारसमक्ष पुर्‍याउने बताउनुभयो।

राजदूत सुबोलोले कूटनीतिक तथा सरकारी राहदानीबाहकलाई भिसा सहजीकरणका लागि दुई देशबीच छिट्टै सम्झौता हुने बताउनुभयो। आगामी अक्टोबरमा इन्डोनेशियामा आयोजना हुने 'ट्रेड एक्स्पो' प्रवर्द्धनका क्रममा राजदूत सुबोलोले नेपाल र इन्डोनेशियाबीच द्विपक्षीय व्यापार तथा लगानीका लागि भूमिका निर्वाह गर्ने बताउनुभयो।

# 'विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गरिएको छ'

काठमाडौं, ४ असोज (रासस)।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सबैभन्दा सस्तो इन्धन विद्युत् नै भएकाले विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गरिएको बताउनुभएको छ।

सुन्दर ट्रेडर्स प्रालिले मंगलबार आयोजना गरेको चार्जिङ स्टेशन प्रदर्शनी कार्यक्रममा निर्देशक घिसिङले विद्युत्को प्रयोग बढाएर देश समृद्ध बनाउन सकिने बताउनुभयो।

सवारीसाधनलगायतमा विद्युत्को प्रयोग बढाउन सकिने उहाँको धारणा छ। "पहिले लोडसेडिङ हुने समयमा विद्युतीय सामान कल्पना नै गर्न नसकिने भए पनि अहिले त्यसको प्रयोग बढाउन भनिरहेका छौं", निर्देशक घिसिङले भन्नुभयो।

अहिले विद्युत् व्यापार भइरहेकामा प्राधिकरणको जोड देशभित्रै खपत बढाउनु रहेको कार्यकारी निर्देत्स्शक घिसिङले उल्लेख गर्नुभयो। उहाँका अनुसार अहिले जति रकमको विद्युत् व्यापार भइरहेको छ, देशभित्र खपत बढाउँदा त्योभन्दा बढी रकम आर्जन हुनसक्छ। विद्युतीय सवारीसाधनले सञ्चालन खर्च कम भएका आधारमा यात्रुलाई छुट दिनुपर्ने उहाँले बताउनुभयो। घिसिङले भन्नुभयो, "एक पटक किन्न बढी रकम भए पनि त्यसको सञ्चालन खर्च पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनभन्दा कम छ।"

सुन्दर ट्रेडर्स प्रालिका अध्यक्ष भेषबहादुर थापाले ट्रलिबस पुनः सञ्चालनका लागि जिम्मेवारी दिन सरकार समक्ष माग गर्नुभयो। आफूले जिम्मेवारी पाएमा तीन महिनामा सञ्चालन गर्न सक्ने उहाँको दाबी छ।

# संविधानको प्रभावकारी कार्यान्वयनबाट अधिकार सुनिश्चित हुन्छ : नेत्री देउवा

वीरगञ्ज, ४ असोज (रासस)।

नेपाली कांग्रेसकी नेत्री डा आरजु देउवाले संविधानको प्रभावकारी कार्यान्वयनसँगै सबै महिलाको हकअधिकार सुनिश्चित हुने दाबी गर्नुभएको छ।

पर्साको वीरगञ्जमा कांग्रेसको भ्रातृ सङ्गठन नेपाल महिला सङ्घ केन्द्रीय समितिद्वारा मंगलबार आयोजित महिला प्रशिक्षण कार्यक्रममा नेत्री देउवाले महिला वर्गसहित आमनागरिको हरेक हकअधिकारका विषयवस्तु नेपालको संविधानमा सुनिश्चित रहेको बताउनुभयो।

संविधानको प्रभावकारी कार्यान्वयनसँगै सबै नागरिकको अधिकार स्थापित हुने बताउँदै नेत्री देउवाले हरेक नीतिको मुख्य नीतिनै राजनीति भएकाले यसलाई सेवामैत्री भावनाले अघि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो। सो अवसरमा उहाँले महिला वर्ग पनि अब नेपाली राजनीतिमा होमिनु आवश्यक रहेको तर्क गर्नुभयो। दुई दिनसम्म चल्ने प्रशिक्षण कार्यक्रममा पार्टीका महिला अगुवा कार्यकर्ताको सहभागिता रहेको छ।

# नेपालबाट अस्कर अवार्डमा 'ऐना झ्यालको पुतली' सिफारिस

काठमाडौं, ४ असोज (रासस)।

एकेडेमी अफ मोसन पिक्चर आर्ट्स एन्ड साइन्सद्वारा घोषणा गरिएको ९५औं एकेडेमी अवार्ड (अस्कर अवार्ड)मा नेपालको प्रतिनिधित्व 'ऐना झ्यालको पुतली' फिल्मले गर्ने भएको छ।

प्रतियोगिताका रुपमा फिल्मलाई सहभागी गराउन नेपालको अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समितिका अध्यक्ष विमल पौडेलको अध्यक्षतामा गत सोमबार बसेको बैठकले प्राप्त फिल्ममध्येबाट सुजित बिडारी निर्देशित 'ऐना झ्यालको पुतली'लाई सिफारिस गरेको हो।

प्राप्त फिल्ममध्ये प्राविधिक पक्ष, कथ्य शैली र प्रस्तुति, चरित्रको भावनात्मक विश्लेषण तथा प्रस्तुतिको कलात्मकता आदि पक्षलाई विश्लेषण गरेर छनोट गरेको समितिका सदस्य सामीप्यराज तिमल्सेनाले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीलाई तीन फिल्म प्राप्त भएको थियो। ऐना झ्यालको पुतली अहिले हामीले खोजिरहेको कलात्मकता बोकेको फिल्म नै हो। त्यसैले हाम्रो निर्णय यसलाई नै नेपालको प्रतिनिधित्व गरेर पठाउने भएको हो।"

नेपालको ग्रामीण परिवेशको कथामा तयार भएको 'ऐना झ्यालको पुतली' भाइको रहरको कथा, दिदीको सपनाको कथा र आमाको सङ्घर्षको कथा हो। फिल्ममा कञ्चन चिमरिया, दिनेश खत्री, सिरु विष्ट, उमेश श्रेष्ठ, क्षितिज लिम्बू, विषा राई, मल्लिका श्रेष्ठ, राज थापा, मदन गुप्तालगायतका कलाकारको अभिनय रहेको छ। भाद्र २४ देखि देशैभरको फिल्म हलमा फिल्म प्रदर्शनरत छ।

नेपालको अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समितिद्वारा अस्करको प्रतिस्पर्धामा सामेल हुन इच्छुक फिल्मकर्मीलाई २०७९ भदौ ३० गतेभित्र फिल्म पेस गर्न आह्वान गरिएको थियो। नेपालबाट अस्करको प्रतिस्पर्धामा सामेल हुन् दिनेश राउत निर्देशित प्रकाश, सुवर्ण थापा निर्देशित 'राधा' र सुजित बिडारी निर्देशित 'ऐना झ्यालको पुतली' को आवेदन प्राप्त भएको थियो।

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्राधिकरणले चार महिनामा कमायो सात अर्ब २० करोड, भदौमा कति ?

काठमाडौँ, ४ असोज (रासस)।

चालु आर्थिक वर्षको दोस्रो महिना अर्थात् गत भदौमा मात्रै नेपाल विद्युत् प्राधिकरणले रु दुई अर्ब ४२ करोड बराबरको बिजुली भारत निर्यात गरेको छ।

देशभित्र खपत गरी बढी भएको २४ करोड ६५ लाख २९ हजार युनिट विद्युत् प्राधिकरणले भदौमा निर्यात गरेको हो। प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् गत १९ जेठदेखि इन्डियन इनर्जी एक्सचेञ्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्री सुरु गरेको थियो। सुरुमा दुई वटा विद्युत्गृहको ३९ मेगावाट उत्पादित विद्युत्लाई स्रोत मानी दैनिकरुपमा 'आइएक्स'मा बिक्री गरिएको थियो। त्यसपछि गत २७ जेठदेखि दैनिकरुपमा छ वटा जलविद्युत्गृहबाट उत्पादित विद्युत्लाई स्रोत मानी दैनिकरुपमा तीन सय ६४ मेगावाट भारतीय बजारमा प्रतिस्पर्धी दरमा बिक्री हुँदै आएको छ।

प्राधिकरणले जेठ, असार, साउन र भदौसम्ममा ७८ करोड ७८ हजार युनिट विद्युत् भारतीय बजारमा बिक्री गरी रु सात अर्ब १९ करोड ८६ लाख बराबरको रकम आर्जन गरेको छ। भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु)मा हुने भएकाले चार महिनाको अवधिमा विद्युत् बिक्रीबाट चार अर्ब ४९ करोड ९१ लाख भारु नेपाल भित्रिएको छ। भदौमा मात्र विद्युत् बिक्रीबाट एक अर्ब ५१ करोड पाँच लाख रुपैयाँ भारु आम्दानी भएको छ।

हरेक महिना विद्युत् निर्यात बढ्दा यसबाट प्राप्त हुने रकमबाट (भारु)नेपालको विदेशी मुद्रा सञ्चिती र दुई मुलुकबीचको व्यापार घाटालाई कम गर्न योगदान पुगिरहेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो।

"चालु आवमा विद्युत् निर्यातबाट करिब रु १६ अर्ब आम्दानी गर्ने लक्ष्य राखेका छौँ, मङ्सिरको पहिलो हप्तासम्म विद्युत् निर्यात गर्न सकिन्छ भने जेठपछि फेरि निर्यात सुरु हुँदा लक्ष्य पूरा हुने अनुमान गरेका छौँ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

अब चाडबाड पनि सुरु हुन लागेकाले उद्योग कलकारखाना बन्द हुँदा आन्तरिक खपत केही कम हुन्छ, तर हाम्रो उत्पादन भने पूर्ण क्षमतामा हुनेहुँदा करिब दुई सय मेगावाट थप विद्युत् निर्यातको सहमतिका लागि प्रस्ताव पठाएको प्राधिकरणले जनाएको छ। भारतीय पक्षबाट थप विद्युत् निर्यातका लागि छिट्टै सहमति दिनेमा विश्वस्त रहेको कार्यकारी निर्देशक घिसिङले जानकारी दिनुभयो।

आइएक्समा २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत्को कारोबार गरिन्छ। त्यसैले हरेक ब्लकको मूल्य फरकफरक हुने गरेको छ। प्राधिकरणले भदौमा निर्यात गरेको विद्युतको औसत दर प्रतियुनिट नौ रुपैयाँ ८० पैसा रहेको छ। चार महिनाको औसत दर प्रतियुनिट नौ रुपैयाँ २३ पैसा छ।

**थप १०० मेगावाट निर्यात प्रस्ताव**

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको थप सय दशमलव नौ मेगावाट विद्युत इन्डियन इनर्जी एक्सचेञ्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्रीको प्रस्ताव गरेको छ।

प्राधिकरणले केही दिनअघि चार जलविद्युत्गृहबाट उत्पादित विद्युत्लाई स्रोत मानी आइएक्समा प्रतिस्पर्धाबाट बिक्रीका लागि भारत सरकारको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणमा अनुमतिका लागि प्रस्ताव पेस गरेको हो।

यसअघि प्राधिकरणले चार जलविद्युत् आयोजनाबाट उत्पादित एक सय ११ मेगावाट विद्युत् निर्यात अनुमतिका लागि प्रस्ताव पेस गरेको थियो। थप चार जलविद्युत् आयोजनाको प्रस्तावसँगै प्राधिकरणले आठ जलविद्युत् आयोजनाबाट उत्पादित दुईसय १२ दशमलव सात मेगावाट विद्युत् निर्यातका लागि प्रस्ताव पेस गरेको हो।

निजी क्षेत्रले निर्माण गरेका २९.०४ मेगावाटको लिखुखोला ए, २५ मेगावाटको काबेली बी-१.२२ मेगावाटको माईखोला, १४.९ मेगावाटको हेवाखोला ए र १० मेगावाटको तल्लो मोदी-१ जलविद्युत्गृहबाट उत्पादित १००.९ मेगावाट विद्युत् निर्यातको प्रस्ताव गरिएको छ।

यसअघि ४२ मेगावाटको मिस्त्रीखोला, २४.२ मेगावाटको लिखुखोला 'ए', २३.५ मेगावाटको सोलुखोला, २२.१ मेगावाटको चिलिमेको विद्युत्तहबाट उत्पादित एक सय ११ दशमलव आठ मेगावाट विद्युत् निर्यातको प्रस्ताव स्वीकृतिका लागि पेस गरिएको थियो। प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले थप विद्युत् निर्यातका लागि भारत सरकारबाट छिट्टै अनुमति प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

# बैंक तथा वित्तीय संस्थालाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न अर्थमन्त्रीको आग्रह

काठमाडौँ, ४ असोज (रासस)।

अर्थमन्त्री जनार्दन शर्माले बैंक तथा वित्तीय संस्थाको लगानी औद्योगिक र उत्पादनमूलक क्षेत्रमा बढाउनुपर्नेमा जोड दिनुभएको छ।

निक्षेप तथा कर्जा सुरक्षण कोषको ४९औँ वार्षिकोत्सवका अवसरमा मंगलबार यहाँ आयोजित कार्यक्रममा उहाँले औद्योगिक एवं उत्पादनमूलक क्षेत्र लगानी अभावमा समस्यामा पर्न नहुने बताउनुभयो।

ती क्षेत्रको विकासबिना देशको आर्थिक विकास सम्भव नभएको उल्लेख गर्दै उहाँले लगानीको अभावमा ती क्षेत्र धारासयी बन्न नहुने उल्लेख गर्नुभयो। अर्थमन्त्री शर्माले परियोजनालाई धितो राखेर नै लगानी गर्ने प्रबन्ध गरिनुपर्नेमा जोड दिनुभयो। उहाँले ग्रामीण अर्थतन्त्रको विकास नगरिकन मुलुक आर्थिक रुपमा सबल बन्न नसक्ने स्पष्ट पार्नुभयो।

हालको नीतिले बैंक तथा वित्तीय संस्थाले कृषि क्षेत्रमा ऋण दिइए पनि त्यसैबाट घर जग्गामा लगानी हुने अवस्था देखिएको भन्दै उहाँले यस्ता विषयमा सरोकारवालाले ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "बैंक तथा वित्तीय क्षेत्रको लगानी उत्पादनमूलक क्षेत्रमा हुनुपर्छ। औद्योगिक र उत्पादनमूलक क्षेत्रलाई दुई प्रतिशत कम ब्याजमा ऋण दिनुपर्छ।"

आयात प्रतिस्थापन गर्नका लागि उत्पादन वृद्धि गर्नुको विकल्प नभएको र त्यसका लागि थप लगानी आवश्यक रहेको उहाँले बताउनुभयो। कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले निक्षेप तथा कर्जा सुरक्षण कोष स्थापना भएको लामो समय भएपनि प्रभावकारी नीति, कार्यक्रम र योजना बनाउन नसकेको भन्दै त्यसमा ध्यान दिन आग्रह गर्नुभयो।

गभर्नर अधिकारीले कोषले ऐनले दिएको कार्यक्षेत्रभित्र बसेर दीर्घकालीन योजना बनाएर काम गर्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "कोषको काम पैसा सङ्कलन गर्ने मात्रै होइन। अन्य क्षेत्रमा पनि लगानीका लागि काम गर्नुस्"।

मुलुकको अर्थतन्त्रले आन्तरिक, कृषि उत्पादन र उद्योगमा लगानी वृद्धि खोजेको गभर्नरको भनाइ छ। कार्यक्रममा कोषका अध्यक्षसमेत रहनुभएका राजस्व सचिव रामेश्वर दङ्गालले कोषलाई थप प्रभावकारी बनाउन आफ्नो तर्फबाट हरसम्भव प्रयास गर्ने बताउनुभयो।

# अभियुक्तलाई अपराधीसरह टिप्पणी नगर्न माग गर्दै रिट

काठमाडौँ, ४ असोज (रासस)।

यौनजन्य घटनामा अपराध अनुसन्धानका बखत अभियुक्तको नाम जोडेर सञ्चारमाध्यम र सामाजिक सञ्जालमा भएका टीका टिप्पणीविरुद्ध सर्वोच्च अदालतमा मंगलबार रिट निवेदन दायर भएको छ।

कानून सङ्कायका विद्यार्थी रेजीना पौडेलसमेतका तर्फबाट अधिवक्ता किशोर पौडललगायतले दायर गरेको निवेदनमा व्यक्तिको गोपनीयताको हकको संरक्षण गर्दै अभियुक्तलाई अपराधीसरह लाञ्छित गर्ने गरी भएका टीका टिप्पणी कानूनसम्मत नहुने जिकिर गरिएको छ। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृहमन्त्रालयलाई विपक्षी बनाई दायर सो रिटमा परमादेश/प्रतिषेधलगायत अन्य आवश्यक उपयुक्त आदेश जारी गर्न माग गरिएको छ।




डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत: गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### चटचाङ लागेर एक्काइ जनाको मृत्यु

नयाँदिल्ली, ४ असोज (रासस/सिन्ह्वा)।

भारतको पूर्वीराज्य विहारमा बितेका २४ घण्टामा वर्षाका बीच चटचाङ पर्दा कम्तीमा २१ जनाको ज्यान गएको राज्यको विपद् व्यवस्थापन प्राधिकरणका एक जना अधिकारीले मंगलबार टेलिफोनमा पुष्टि गरेका छन्। कृषिकर्ममा व्यस्त भएका बेला उनीहरूको ज्यान गएको हो।

विहारका १० जिल्लामा चटचाङ लागेर सर्वसाधारणको मृत्यु भएको बताउँदै उनले पूर्णिया र अररियामा चार-चार जना, सुपौलमा तीन, बाङ्का, जमुई र नवादामा दुई-दुई तथा बेगुसराय, शेखपुरा, शारण र सहरसामा एक-एक जनाले ज्यान गुमाएका जानकारी दिएका छन्।

यसैबीच, विहारका मुख्यमन्त्री नीतिशकुमारले चटचाङ लागेर ज्यान गुमाएका प्रत्येकका परिवारका सदस्यलाई भारू चार लाख क्षतिपूर्ति प्रदान गर्ने घोषणा गर्नुभएको छ। साथै उहाँले राज्यवासी सबैलाई सचेत रहन, प्रतिकूल मौसममा घरबाहिर ननिस्कन तथा विपद् व्यवस्थापन प्राधिकरणले जारी गरेका चेतावनीको पालना गर्न आग्रह गर्नुभएको छ।

### पाकिस्तानमा बाढीबाट थप पन्ध्रको मृत्यु

इस्लामावाद, ४ असोज (रासस/सिन्ह्वा)।

पाकिस्तान विभिन्न भागमा परेको मुसलधारे वर्षापछिको बाढीमा परी दक्षिणी प्रान्त सिन्धमा कम्तीमा १५ को मृत्यु भएको छ। बाढीमा ज्यान गुमाउनेमा एक शिशु र तीन जना महिला छन्।

राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडीएमए)ले सोमबार राति सार्वजनिक गरेको विवरणअनुसार देशका छुट्टाछुट्टै स्थानमा भएका बाढीसम्बन्धी घटनामा एक हजार पाँच सय ५९ जनाको मृत्यु भएको छ। बाढीजन्य भवितव्यमा परी १२ हजार आठ सय ५० जना घाइते भएका छन्।

देशभर परेको भीषण वर्षा र त्यसपछिको बाढीले १९ लाख ७९ हजार घर ध्वस्त भएका तथा नौ लाख ७३ हजार छ सय ३२ चौपाया मरेका छन्। बाढीले १२ हजार सात सय १६ किलोमिटर सडक र तीन सय ७४ वटा पुलमा क्षति भएको छ। बाढी प्रभावित क्षेत्रमा प्राधिकरण, अन्य सरकारी संस्था, स्वयंसेवी र गैरसरकारी संस्थाले उद्धार तथा राहत सामग्री वितरणलाई निरन्तरता दिइरहेका छन्।

### अमेरिकामा चौविस हजार मङ्किपक्सका बिरामी

लस एन्जलस, ४ असोज (रासस/सिन्ह्वा)।

अमेरिकामा २४ हजार जनामा मङ्किपक्स सङ्क्रमण देखिएको छ। अमेरिकी रोग नियन्त्रण तथा रोक थाम केन्द्रले क्यालिफोर्निया, न्युयोर्क र फ्लोरिडामा उक्त रोगका बिरामी बढेका बताएको छ।

केन्द्रका अनुसार क्यालिफोर्नियामा सबैभन्दा धेरै चार हजार छ सय ५६, न्युयोर्कमा तीन हजार सात सय ५५ र फ्लोरिडामा दुई हजार तीन सय ९८ जनामा मङ्किपक्स पुष्टि भएको छ।

मङ्किपक्स सङ्क्रमण घातक नभए पनि धेरै बिरामीले दुईदेखि चार साताभित्र स्वास्थ्य लाभ गर्दछन्। विश्व स्वास्थ्य सङ्गठनका अनुसार मङ्किपक्सबाट हुने मृत्यु दर तीनदेखि छ प्रतिशतसम्म छ। अमेरिकाका स्वास्थ्य अधिकारीले उक्त रोगको उपाचारका निम्ति उपलब्ध एकमात्र औषधिको अधिक प्रयोग नगर्न सुझाएका छन्।

### क्यानडाको संसद्मा अन्तरराष्ट्रिय गीता महोत्सव

टोरन्टो, ४ असोज (रासस/एएनआई)।

क्यानडामा अन्तरराष्ट्रिय गीता महोत्सव आयोजना गरिएको छ। त्यस अवरसमा क्यानडाको संसद् हाउस अफ कमन्सका सदस्य चन्द्र आर्यले नोभेम्बरलाई हिन्दू सम्पदा महिनाका रूपमा मनाउने विधेयकमा जोड दिनुभयो। उहाँले क्यानडाको सामाजिक एवम् आर्थिक विकासमा हिन्दू क्यानडालीले गरेको योगदान र क्यानडाली समाजमा उनीहरूले गरेको सेवालाई क्यानडा सरकारले मान्यता दिनुपर्ने बताउनुभयो। भारत सेवाश्रम सङ्घ क्यानडाले जारी गरेको विज्ञप्तिअनुसार क्यानडाको संसद्मा भदौ ३१ देखि असोज २ गतेसम्म गीता महोत्सव आयोजना गरिएको हो। महोत्सवको समापन शोभायात्राका समापन गरिएको थियो।

### विद्यालयमा हवाई आक्रमण, तेह्र जना मारिए

ब्याङकक, ४ असोज (रासस/एपी)।

उत्तर-मध्य म्यान्मास्थित एक विद्यालय र गाउँमा सेनाले हेलिकप्टरबाट आक्रमण गर्दा सात जना बालबालिकासहित १३ जनाको मृत्यु भएको एक जना विद्यालय प्रशासक र अर्को एक जना सहायताकर्मीले बताएका छन्। म्यान्मामा प्रजातन्त्र समर्थक विद्रोही र उनीहरूलाई सहयोग गर्नेहरूमाथि सैनिक सरकारले आक्रमण गर्दा निर्दोष सर्वसाधारण मारिने गरेका छन्। गत शुक्रबार सागिङ क्षेत्रको ताबायिनमा ती बालबालिका मारिएका हुन्। प्रजातन्त्रवादी नेत्री आङ सान सुचीलाई अपदस्थ गरेर सेनाले सत्ता कब्जा गरेपछि भएको बालबालिकाको यो हताहती सबैभन्दा ठूलो हो। सेनाले शासन कब्जा गरेपछि जनतस्तरमा देशव्यापीरूपमा अहिंसात्मक विरोध प्रारम्भ भएपछि सैनिक र प्रहरीले घातक कारबाही थाल्दा शहर र गाउँमा सशस्त्र प्रतिरोध जारी छ। राष्ट्रसङ्घीय बालकोषको पछिल्लो प्रतिवेदनअनुसार सागिङमा सेनाले भीषण कारबाही गरेको छ जहाँ केयौँ गाउँ जलाइएका थिए। सैनिक कारबाहीका कारण त्यहाँबाट झण्डै पाँच लाख सर्वसाधारण विस्थापित भएका छन्।

# भन्सार छलेका विभिन्न सामानहरु बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ४ असोज ।**

भन्सार छलेर भारतबाट नेपाल ल्याउँदै गरेको विभिन्न किरानाका सामान, लत्ताकपडा तथा जुत्ता चप्पलहरु सप्तरी प्रहरीले बरामद गरेको छ ।

राजबिराज नगरपालिका वडा ५ मा भारतबाट भन्सार छली ल्याएका एक लाख पाँच हजार मुल्य बराबरको किरानाका सामानहरु बरामद गरेको छ ।

यस्तै प्रहरीले सोमबारै जिल्लाको बिष्णुपुर गाउँपालिका २ स्थितमा भारतबाट भन्सार छली ल्याएका एक लाख ६ हजार मुल्य बराबरको लत्ताकपडाहरु बरामद गरेको छ ।

यसैगरि प्रहरीले सोमबारै जिल्लाकै खडक नगरपालिका ८ स्थितमा भारतबाट भन्सार छली ल्याएका ७४ हजार एक सय मुल्य बराबरको जुत्ता चप्पलहरु बरामद गरेको छ ।

प्रहरीले तीनै स्थानबाट बरामद गरेको सामानहरु मंगलबार कारवाहीका लागी राजबिराज भन्सार कार्यालय तिलाठी पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# तेह्र जिल्लामा शून्य संक्रमण

काठमाडौँ, ४ असोज (रासस) ।

देशका तेह्र जिल्ला कोरोना भाइरस संक्रमणमुक्त भएका छन् । ताप्लेजुङ, तेहथुम, संखुवासभा, रामेछाप, मनाङ, मुस्ताङ, स्याङ्जा, अर्घाखाची, हुम्ला, डोल्पा, कालीकोट पश्चिम रुकुम र दार्चुला संक्रमणमुक्त भएका छन् ।

पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौँ र दुई सयभन्दा बढी संक्रमित भएको जिल्ला ललितपुर रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मंगलबार जारी गरेको नियमित बुलेटिनका अनुसार तीन हजार पाँच सय १२ परीक्षणमध्ये ७४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ ।

देशभर एक सय ६० कोरोना भाइरस संक्रमणमुक्त भएका छन् । यो दर प्रतिशत ९८.६ प्रतिशत रहेको छ । सक्रिय संक्रमितको संख्या एक हजार छ सय १९ पुगेको छ । यस्तै होम आइसोलेसनमा एक हजार पाँच सय ५८, संस्थागत आइसोलेसनमा ६१, सघन उपचार कक्ष (आइसियु)मा १९ जनाको उपचार भइरहेको छ ।

# डुबेर वेपत्ता भएका युवकको शव फेला



**दैनिक समाचारदाता**
**राजविराज, ४ असोज ।**

विश्वकर्मा बाबाको मूर्ती सेलाउने क्रममा डुबेर वेपत्ता भएका एक युवकको मृत शरीर मंगलबार फेला परेको छ ।

सप्तरीको विष्णुपुर गाउँपालिका ६ स्थित नहर किनारमा पहिचान खुल्न नसकेका अन्दाजी २५/२६ वर्षिय युवकको मृत शरीर फेला परेको प्रहरीले जनाएको छ । नहर किनारमा उतानो परेको अवस्थामा शव देखेपछि स्थानियले प्रहरीलाई खबर गरेका थिए ।

मूर्ती सेलाउने क्रममा आइतबार नहरले बगाएको ती अपरिचित यूवकको सोही दिन प्रहरीले व्यापक खोजतलास गरेको थियो । तर, सो दिन फेला नपरेका उनको मृत शरीर भने मंगलबार घटनास्थलबाट दुईसय मिटर टाढा फेला परेको प्रहरी जनाएको छ ।

पहिचान खुल्न नसकेका ती व्यक्ति को हुन र कहाबाट आई मूर्ती सेलाउने कार्यमा सहभागि भए भन्ने विषय बारे पनि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

शव पोष्टमार्टमका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा ल्याई घटना बारे थप अनुसन्धान भइरहेको डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

# वीरगञ्ज नाकामा एक हजार सात सय नयाँ सवारीसाधन अलपत्र

वीरगञ्ज, ४ असोज (रासस) ।

भारतसहित तेस्रो मुलुकबाट नेपाल भित्रिने तयारीमा रहेका करिब एक हजार सात सय बढी नयाँ साना ठूला सवारीसाधन वीरगञ्ज नाकामा अलपत्र परेका छन् ।

यसरी वीरगञ्ज नाकामा अलपत्र परेका चारपाङ्ग्रे सवारीमध्ये पाँच सय ७२ वटा जीप, कार तथा भ्यान छन् । यस्तै ठूला सवारी एक हजार एक सय ४६ वटा बस, ट्रक, टिपर र मिनीट्रक रहेका छन् । यी सबै सवारीसाधनको मुख्य नेपाली बजारमा न्यूनतम रु २० लाखदेखि करोडसम्मका रहेका छन् । वीरगञ्जस्थित उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको नेपाल इन्टरमोडल यातायात विकास समिति एकीकृत जाँचचौकी (आइसिपी) का प्रमुख कमल ज्ञवालीका अनुसार गत फागुन महिनादेखि एकीकृत जाँच चौकी परिसरमा यी सवारीसाधन रोकिएका हुन् ।

बैंक तथा वित्तीय संस्थाले पछिल्लो पटक साना तथा ठूला सवारीसाधनमा कर्जा प्रवाहमा कमी ल्याएपछि नयाँ सवारीसाधन बिक्रीमा कमीसँगै नेपाल भित्रिने तयारी रहेका साना ठूला सवारीसाधन विभिन्न नाकामा अलपत्र अवस्थामा रहेका छन् ।

पछिल्लो समय नयाँ सवारीसाधन बिक्रीमा निकै कमी आएको नेपालमा सवारी साधनको बिक्रीवितरण गर्दै आएको निकाय सिप्रदी ट्रेडिङ प्राली वीरगञ्जस्थित कार्यालय प्रमुख गोपाल आचार्यले जानकारी दिनुभयो ।

नयाँ सवारीसाधनमा बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाहमा सहजता नल्याएसम्म नेपाली बजारमा नयाँ सवारीसाधनको कारोबारमा नफस्टाउने निश्चित जस्तै छ ।

# हवाई टिकट ८० प्रतिशत अग्रिम बुकिङ

काठमाडौँ, ४ असोज (रासस) ।

आन्तरिक हवाई उडान गर्दै आएका हवाई सेवा प्रदायक कम्पनीले दसैँका लागि मात्रै ८० प्रतिशत अग्रिम टिकट बुकिङ भएको जनाएका छन् । केही दिन पहिले आन्तरिक हवाई सेवा प्रदायक कम्पनीले दसैँका लागि हवाई टिकट बुकिङ खुला गरेसँगै अहिलेसम्म ८० प्रतिशत टिकट बुकिङ भएको जनाएका छन् ।

हालसम्म सबैभन्दा बढी श्री एयरलाइन्सले ८० प्रतिशत टिकट बुकिङ गरिसकेको कम्पनीका प्रवक्ता अनिल मानन्धरले जानकारी दिनुभयो । यसैगरी बुद्ध एयरको हालसम्म ४० प्रतिशत अग्रिम बुकिङ गरेको छ भने यती एयरलाइन्सले ७० प्रतिशत, गुण एयरलाइन्सले ८० प्रतिशत बुकिङ गरेको जनाएका छन् । दसैं आउन एक साता बाँकी हुदा हवाई टिकट ८० प्रतिशत सकिएको बताइएको छ ।

हवाई सेवाको अग्रिम टिकट बुकिङ सँगसँगै आन्तरिक हवाई सेवा प्रदायक कम्पनीले टिकट भाडामा पनि वृद्धि गरेका छन् । विगतमा काठमाडौँ-धनगढी हवाई भाडा रु सात हजार पाँच सय रहेकामा अहिले अधिकतम रु १७ हजार कायम गरिएको छ ।

सबैभन्दा कम टिकटको मूल्य विराटनगर-काठमाडौँ रहेको छ । विराटनगर-काठमाडौँ एकतर्फी भाडा न्यूनतम रु चार हजार पाँच सय अधिकतम भाडादर रु १० हजार कायम गरिएको छ । अग्रिम टिकट बुकिङसँगै हवाई भाडामा पनि उकालो लागेको गुण एयरलाइन्सका प्रवक्ता प्रज्वल थापाले जानकारी दिनुभयो । उहाँका अनुसार काठमाडौँ फर्कनका लागि टिकाको भोलिपल्टदेखिका लागि पनि ७० प्रतिशत टिकट अग्रिम बुकिङ भइसकेको छ ।

नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भुमि सुधार तथा मालपोत कार्यालय, राजविराज सप्तरी

मिति : २०७९/०६/०२

जिवछ खरगा यादव दर्ता रहेको साविक पटेर्वा मौजा रंन ........ हाल तपसिल बमोजिम नापी भएको जग्गा मोठ श्रेस्ता कायम गरी ज.ध.प्रमाण पुर्जा पाउँ भनी गा.वि.स./न.पा. पटेर्वा वार्ड नं.०६ वस्ने श्री .............द.न.२८२३ मिति २०७९/५/२१ मा निवेदन परि ३५ दिने सार्वजनिक सुचना प्रकासित गर्न मिती २०७९/६/२ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकासित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक वाहेक अरु कसैको हकभोग लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकासित भएको मितीले ३५ दिन भित्र सप्रमाण यस कार्यालयमा आई उजुर गर्नूहोला । म्याद भित्र कसैको दावी उजुरी पर्न न आएमा निवेदकको माँग दावी बमोजिम मो.श्रेस्ता कायम गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| | | | | **साविक** | **दर्तावाला** | | |
|---|---|---|---|---|---|---|---|
| गाविस/नपा | वाड नं. | कि नं. | क्षेत्रफल. | गाविस/नपा | वाड नं. | कि नं. | क्षेत्रफल |
| सप्तरी पटेर्वा | ६ क | ६ क | ०-१-४ | पटेर्वा | ६ क | १६४ | ०-२-५ |
| सप्तरी पटेर्वा | ६ क | ६ क | ०-२-६$\frac{1}{2}$ | पटेर्वा | ६ क | २२८ | ०-१-३ |
| सप्तरी पटेर्वा | ६ क | ६ क | ०-३-५ | पटेर्वा | ६ (ख) | १० | ०-४-३ |
| सप्तरी पटेर्वा | ६ क | ६ क | ०-२-४$\frac{1}{2}$ | पटेर्वा | ६ (ख) | ९५ | ०-१-१९ |
| सप्तरी पटेर्वा | ६ क | ६ क | ०-३-५ | पटेर्वा | ६ (ख) | १२० | ०-१७-६ |


चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*